सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री प्रकाशमान सिंह राउत
माननीय न्यायाधीश श्री सुष्मालता माथेमा

## आदेश

०७९-WO-१३५५

मुद्दाः उत्प्रेषण परमादेश।

वरिष्ठ अधिवक्ता डा. सुरेन्द्र भण्डारी समेत.............................................१ निवेदक

विरुद्ध

श्री सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेल समेत..........................................१ विपक्षी

यसमा नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९ प्रमाणीकरण गर्नका लागि सम्माननीय राष्ट्रपतिज्यू समक्ष अनुरोध गर्ने भनी नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०८०।०२।१२ को निर्णयको प्रमाणित प्रतिलिपि नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय सिंहदरवारवाट र सम्माननीय राष्ट्रपतिले नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९ प्रमाणीकरण गरेको मिति २०८०।०२।१७ को निर्णयको प्रमाणित प्रतिलिपि राष्ट्रपतिको कार्यालय शीतल निवास काठमाडौंवाट झिकाई मिति २०८०।०२।३० मा अन्तरिम आदेश छलफलको पेशी तोकी नियमानुसार पेश गर्नुहोला।

न्यायाधीश

न्यायाधीश

ईति संवत् २०८० साल जेठ २६ गते रोज ६ शुभम् ..............................।